मध्यपश्चिमाञ्चल विश्वविद्यालय

**परीक्षा व्यवस्थापन कार्यालय**

**परीक्षा आवेदन फारम भर्ने सूचना**

**(मिति २०७७।११।२१)**

मध्यपश्चिमाञ्चल विश्वविद्यालय, परीक्षा व्यवस्थापन कार्यालयद्धारा निम्नानुसार संकाय अन्र्तगत स्नातकोत्तर तह तेस्रो सेमेस्टरको लागि लिइने सत्रान्त परीक्षाको परीक्षा फारम खुलाइएको छ । सम्वन्धित परीक्षार्थीहरुले आफू अध्ययन गरेको क्याम्पसमा आफ्नो परीक्षा फारम भरी वुझाउनका लागी यो सूचना प्रकाशित गरिएको छ ।

| संकाय | तह | विशिष्टिकरण | सेमेष्टर |
|---|---|---|---|
| विज्ञान तथा प्रविधि | स्नातकोत्तर | M.Sc. Physics | तेस्रो |

पुनश्च :

१) सत्रान्त परीक्षामा उक्त सेमेस्टरको नियमित एवम् आंशिक तर्फका परीक्षार्थीहरुले परीक्षा फारम भर्न सक्नेछन् ।

२) परीक्षा फारम मिति २०७७ फाल्गुण २१ गते देखि चैत्र ३ गते सम्म नियमित शुल्क र २०७७ चैत्र ०६ गते सम्म अतिरिक्त शुल्क तिरी भर्नु पर्ने छ ।

३) सम्वन्धित क्याम्पसले मिति २०७७ चैत्र ०८ गते साँझ ५:०० वजे सम्म परीक्षा फारम परीक्षा व्यवस्थापन कार्यालयमा बुझाईसक्नु पर्ने छ ।

४) म्याद नाघि आएका र रीत पूर्वक नभएका फारमहरु स्वीकृत गर्न परीक्षा व्यवस्थापन कार्यालय बाध्य हुने छैन ।

५) परीक्षा फारम पठाउदा परीक्षा फारम वमोजिमको विषयअनुसार छुट्टा छुट्टै वर्णानुक्रमअनुसार विद्यार्थी विवरण र निजहरुले परीक्षा दिने विषयमा स्पस्ट हुनेगरी छुट्टै विवरण ई-कपी समेत संलग्न गरी पठाउनु पर्ने छ ।

६) परीक्षा आवदेन फारममा रहेको दुईवटा फोटो मध्य पहिलो फोटोमा मात्र क्याम्पस प्रमुखले फोटो र फारममा पर्ने गरी दस्तखत गर्नुपर्ने छ ।

७) कुनै पनि परीक्षार्थीले परीक्षा आवेदन फारममा कुनै विषय उल्लेख गर्न छुट गरेमा वा विगारेमा क्याम्पस प्रमुखको सिफारिसमा परीक्षा संचालन हुनु भन्दा कम्तिमा ३ दिन अघि प्रति विषय रु ४००।-( अक्षरुपी चार सय मात्र ) शुल्क तिरी परीक्षा व्यवस्थापन कार्यालय वाट आवश्यक संशोधन गर्न सकिने छ ।

८) हालसम्म रजिष्ट्रेशन फारम नभरेका विद्यार्थीहरुको परीक्षा फारम स्वीकृत गरिने छैन । यदि नभरेका भए परीक्षा फारम सँगै रजिष्ट्रेशन फारम पनि अनिवार्य बुझाउनु पर्ने छ ।

९) कुनै पनि परीक्षार्थीले परीक्षा आवेदन फारममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन ।

२०७७।११।२१

परीक्षा व्यवस्थापन प्रमुख

परीक्षा व्यवस्थापन प्रमुख

Scanned with CamScanner